# धवलागिरी राजपत्र

धवलागिरी गाउँपालिका म्याग्दीद्वारा प्रकाशित

| खण्ड १० | मितिः २०८३/०३/१६ | संख्या ४ |
| --- | --- | --- |

## भाग १

धवलागिरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मुना, म्याग्दी

# धवलागिरी गाउँपालिकाको बिनियोजन ऐन, २०८३

गाउँसभाबाट पारित मिति २०८३/०३/१०

धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना**

धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम धवलागिरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१ ) यस ऐनको नाम "धवलागिरी गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८३/८४ को निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा **रु.४८,५२,०३,०००/- (४८ करोड ५२ लाख ३ हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन**: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त धवलागिरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकम रमानान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकमा बिनियोजित जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन। तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

(३) उपदफा(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्नु परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

**अनुसूची -१**

**(दफा २ सँग सम्वन्धित)**

## नेपालको संविधान धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वि.व्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका( संघ/ प्रदेशको समपुरक र विशेष अनुदान समेत) | १४,६७,६३,०००/- (चौध करोड सतसट्टी लाख त्रिसठ्ठी हजार) | १३,६६,४०,०००/- (तेह्र करोड छैसठ्ठी लाख चालिस हजार) | | २८,३४,०३०००/- (अठ्ठाइस करोड चौँतिस लाख तीन हजार) |
| २ | | सशर्त अनुदान | १९,८८,००,०००/- (उन्नाईस करोड अठासी लाख ) | ३०,००,०००/- (तीस लाख ) | | २०,१८,००,०००/- (बीस करोड अठार लाख लाख ) |
| जम्मा | | | ३४,५५,६३,०००/- (चौंतिस करोड पचपन्न लाख त्रीसठ्ठी हजार) | १३,९६,४०,०००/- (तेह्र करोड छयानब्बे लाख चालीस हजार) | | **४८,५२,०३,०००/- (४८करोड ५२ लाख ०३ हजार)** |